
# मानव बेचबिखन तथा
# बालश्रम रोकथाम सम्बन्धी
# जानकारीमूलक पुस्तिका




## महिला तथा बालबालिका बेचबिखन विरुद्ध
## सहकर्मी समूह नेपाल (एटविन)

| | | |
|---|---|---|
| प्रकाशक | : | महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) |
| प्रकाशन मिति | : | पुस २०८० |
| संस्करण | : | दोस्रो, ५००० प्रति |
| सर्वाधिकार | : | एटविन |
| सहयोग | : | युनिसेफ नेपाल |

# मानव बेचबिखन तथा बालश्रम रोकथाम सम्बन्धी

# जानकारीमूलक पुस्तिका

# विषय सूची


| क्र.स. | शिर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | मानव बेचबिखनसँग सम्बन्धित विभिन्न परिभाषा | ३ |
| २. | मानव बेचबिखन सम्बन्धी केहि तथ्याङ्कहरू | ६ |
| ३. | मानव बेचबिखन के को लागि हुन्छ ? | ७ |
| ४. | मानव बेचबिखन हुने ठाउँहरू | ८ |
| ५. | मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने कारणहरू | ८ |
| ६. | मानव बेचबिखन तथा ओसारपसारबाट जोगिने उपायहरू | ९ |
| ७. | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सहयोग गर्ने निकायहरू कुन कुन हुन् ? | १२ |
| ८. | मानव बेचबिखन तथा ओसारपसारमा परेमा के गर्ने ? | १३ |
| ९. | मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनमा के छ ? | १४ |
| १०. | मानव बेचबिखन विरुद्ध सहयोग गर्ने तथा सुरक्षित स्थानागमन सम्बन्धी थप जानकारीका लागि केही निकायहरू | १५ |
| ११. | एटविनका सदस्य संस्थाहरुको नामावली - सन् २०२३ सम्म | १९ |

## १. मानव बेचबिखनसँग सम्बन्धित विभिन्न परिभाषा

### मानव बेचबिखन भनेको के हो ?

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) अनुसार देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने भनि उल्लेख गरेको छ :

क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,


घ) वेश्यागमन गर्ने ।

### ओसारपसार मानिने कार्यहरू :

क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो

नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।



## संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने आलेख (पर्लेमो प्रोटोकल), २००० अनुसार

“मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जस अन्तर्गत, अरुको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपुर्वक श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा

कमारी वा मानव अङ्ग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्यानमा पारेर, शक्तिको प्रयोग गरेर नाजुक स्थितिमा पदको दुरुपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्ति माथि नियन्त्रण कायम गरी बेचबिखन गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ ।"

मानव तस्करी - कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमको फाइदाका लागि कुनै व्यक्तिलाई भिसा (प्रवेशाज्ञा) नभएको मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्यलाई मानव तस्करी भनिन्छ । यो कार्य सम्बन्धित व्यक्तिको इच्छा, सहमति र चाहना अनुसार हुने गर्दछ । तर यस्तो माध्यमबाट विदेश जाने क्रममा बेचबिखन तथा शोषणमा पर्न सक्ने जोखिम रहन्छ ।

बाल श्रम - बालबालिकाको व्यक्तिगत जीवन, सुरक्षा र विकासमा प्रतिकुल प्रभाव पर्ने श्रममूलक काममा प्रयोग गर्नु बाल श्रम हो । अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं.१३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर 'आर्थिक र शैक्षिक सुविधा पर्याप्त

विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने' व्यवस्था छ । नेपालको बाल श्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ तथा नियमावली २०६२ अनुसार, १४ वर्ष मुनीका बालबालिकालाई श्रममा लगाउन नपाइने तथा १८ वर्ष मुनीका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नपाइने व्यवस्था छ ।

## २. मानव बेचबिखन सम्बन्धी केहि तथ्याङ्कहरू

- विश्व श्रम संगठन अनुसार, विश्व भरि २०२१ मा ४ करोड ९६ लाख मानिसहरू आधुनिक दासत्वमा बाँचिरहेका थिए, जसमध्ये २ करोड ७६ लाख जबरजस्ती श्रम र २ करोड २० लाख जबरजस्ती विवाहमा थिए । जबरजस्ती श्रममा रहेका २ करोड ७६ लाख मानिसमध्ये १ करोड ७३ लाख निजी क्षेत्रमा शोषित छन, ६३ लाख जबरजस्ती व्यावसायिक यौन शोषणमा छन् ।

- मानव बेचबिखन अनुसन्धान ब्यूरोमा आ.व. २०७९/२०८० मा जम्मा २३० जना व्यक्तिहरू मानव बेचबिखनबाट पीडित भएको देखिन्छ ।

- राष्ट्रिय मानव अधिकार आयोगबाट तयार गरिएको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ अनुसार

आ.व. २०७६/७७ र आ.व. २०७७/७८ को अवधिमा करिब ४०३०० व्यक्ति मानव बेचबिखनमा परेको अनुमान गरिएको छ ।

- ☞ नेपाल बाल श्रम प्रतिवेदन २०२१ (नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/१८ को तथ्याङ्कमा आधारित) अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका ७० लाख बालबालिका (कुल बालबालिकाको संख्या) मध्ये ११ लाख बालबालिका (१५.३%) बाल श्रममा संलग्न रहेका थिए ।

## ३. मानव बेचबिखन के को लागि हुन्छ ?

- ☞ यौन शोषण/वेश्यावृत्ति
- ☞ अङ्ग प्रत्यारोपन गर्न
- ☞ भीख मगाउन
- ☞ सर्कसमा खेलाउन
- ☞ होटलमा काम गराउन
- ☞ अवैध धर्मपुत्र/पुत्री
- ☞ जोखिम काम गराउन
- ☞ घरेलु कामदार बनाउन
- ☞ गैरकानुनी काम गराउन
- ☞ बाल श्रम गराउन
- ☞ उद्योग तथा कलकारखानामा न्युनतम ज्याला र जोखिमपूर्ण काम गराउन
- ☞ मनोरञ्जन क्षेत्रमा काम गराउन जस्तैः क्याबिन, डान्सबार, रेष्टुरेण्ट, मसाज पार्लर आदि ।

## ४. मानव बेचबिखन हुने ठाउँहरू

- आन्तरिक (नेपाल भित्र)
- छिमेकी देश (भारत, चीन)
- समुद्रपारि विशेषगरी खाडी देशहरू

## ५. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने कारणहरू

- लैङ्गिक, सामाजिक-सांस्कृतिक र कानुनी विभेद
- अशिक्षा/शिक्षामा कमी
- चेतनाको कमी
- बेरोजगारी
- गरिबी/निम्न आर्थिक अवस्था
- पितृसत्तात्मक सोच
- सामाजिक मूल्य-मान्यता तथा संस्कारहरू
- उन्नत जीवनको चाहना
- असुरक्षित स्थानागमन
- घरेलु/लैङ्गिक हिंसा
- वैदेशिक रोजगारीको नाममा झुक्याउने
- पर्याप्त कानुन र कार्यान्वयनको अभाव

- द्वन्द्व र राजनैतिक अस्थिरता
- प्राकृतिक विपद् तथा महामारी
- असुरक्षित सामाजिक सञ्जालको प्रयोग

## ६. मानव बेचबिखन तथा ओसारपसारबाट जोगिने उपायहरू

- रोजगारीका लागि कुनै ठाउँमा जाँदा सबै जानकारी लिएर जानु पर्दछ ।
- कुनै पनि परिचित अथवा अपरिचित व्यक्तिलाई झट्ट विश्वास गर्नु हुँदैन ।
- नयाँ ठाउँमा जाँदा त्यस ठाउँको विषयमा जानकारी लिएर मात्र जानु पर्दछ र यस विषयमा परिवारका सदस्य, नातेदार वा साथीहरूलाई जानकारी दिएर मात्र जानु पर्दछ ।
- कुनै पनि व्यक्तिले यदि राम्रो जागिर लगाई दिने, घुमाउने, विवाह गर्ने, सामानहरू किनिदिने प्रलोभन देखाएमा त्यसमा पर्नु हुदैन ।
- वैदेशिक रोजगारीमा जानु परेमा सम्बन्धित देश, कामका बारेमा र त्यसको नियमहरूका बारेमा जानकारी लिएर तथा सम्बन्धित निकाय वा जानकार व्यक्तिसँग सल्लाह लिएर जानु पर्दछ ।

- वैदेशिक रोजगारीको फाइदा र बेफाइदाका बारेमा सचेत हुनु पर्दछ ।

- कसैको पनि प्रलोभनमा नपर्ने, अरूको लहैलहैमा नलाग्ने, कसैले कुनै लोभ देखाएमा सम्बन्धित सरकारी निकाय, नजिक रहेका संस्था, जानेबुझेका परिवारका सदस्य तथा विश्वसनीय साथीहरूसँग सरसल्लाह गर्नु पर्दछ ।

- कसैले तपाईको आवश्यकता र ईच्छा पूरा गर्न सहयोग गर्छु तर त्यसको लागि आफ्नो घर ठाउँ छोडेर अन्तै जानुपर्छ भन्छन् भने त्यस्तो कुरा सही हो वा होइन



पत्ता लगाउने । यसका लागि कहाँ जाने, कसरी जाने, के काममा जाने, तलब कति हुन्छ सबै थाहा पाउने । आफूले थाहा पाएको कुरा सही हो वा होइन यकिन गर्न जानेबुझेका परिवार, साथीभाइ, गाउँका अगुवा र प्रहरीसँग बुझ्ने ।

☞ रोजगारीका लागि जाँदा आफ्नो सीप र क्षमता अनुसारको काम मात्र छनौट गर्ने र सीप विकास तालिममा सहभागी भएर मात्र वैदेशिक रोजगारीमा जाने ।

☞ वैदेशिक रोजगारीमा जाँदा सरकारले तोकिएको नियम र प्रकृया अपनाएर आधिकारिक र मान्यता प्राप्त कम्पनी वा निकाय मार्फत मात्र जाने ।

☞ नेपाल सरकारले खुल्ला गरेको देशमा मात्र रोजगारीको लागी जानुपर्छ ।

☞ देश भित्र वा देश बाहिर घुम्न वा कामका लागि जाँदा घर परिवार र नजिकको साथीभाईलाई जानकारी गराएर मात्र जाने ।

☞ विपद्का बेला आइपरेको समस्यामा नआत्तिने । यस्तो बेलामा संयम भई सकेसम्म आफ्नै ठाउँमा वा देश भित्रै रोजगारी तथा आम्दानीका अवसरहरू खोज्ने । साथै, आफ्नो वरपर सञ्चालित सीप विकास तथा आय आर्जनका कार्यक्रमहरूको बारेमा जानकारी लिने र सहभागी हुने ।

- कहीँ पनि जाँदा आफ्ना महत्वपूर्ण कागजातहरू जस्तै नागरिकता, पासपोर्ट (राहदानी), लालपुर्जा (जग्गाधनी दर्ता प्रमाणपत्र), जन्मदर्ता प्रमाणपत्रहरू आफुसँगै राख्ने । त्यस्ता कागजातको फोटोकपि (प्रतिलिपि) परिवारका सदस्यसँग राख्न दिने ।
- कानुनी समस्या परेमा वा कागजातहरू हराएमा स्थानीय निकाय/पालिका कार्यालयहरूमा सम्पर्क गर्ने र जानकारी गराउने ।

## ७. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सहयोग गर्ने निकायहरू कुन कुन हुन् ?

- प्रहरी/महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
- मानव बेचबिखन अनुसन्धान ब्युरो
- राष्ट्रिय बाल अधिकार परिषद्
- बालबालिका खोजतलास केन्द्र
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय/श्रम कार्यालयहरू
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग



- अध्यागमन कार्यालय
- स्थानीय सरकार/पालिकाहरू
- वैदेशिक रोजगार विभाग र बोर्ड
- कन्सुलर सेवा बिभाग/परराष्ट्र मन्त्रालय
- नेपाल बार एशोसिएशन्
- गैरसरकारी संघ संस्थाहरू

## ८. मानव बेचबिखन तथा ओसारपसारमा परेमा के गर्ने ?

- विश्वासिलो व्यक्तिलाई खबर गर्ने/सहयोग माग्ने ।
- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सहयोग गर्ने निकाय बाल हेल्पलाइन १०९८ मा सूचना दिने/सहयोग माग्ने ।

- बेचबिखनमा संलग्न व्यक्तिहरू विरूद्धको प्रमाणहरू सुरक्षित राख्ने ।
- उद्धार, संरक्षण र कानुनी सेवाको लागि सम्बन्धित निकाय तथा संस्थामा सम्पर्क गर्ने ।

## ९. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुनमा के छ ?

- पीडित आफैले उजुरी दिएमा निजको तत्काल जिल्ला अदालतमा बयान गराउनुपर्ने ।
- बयान क्षेत्राधिकार भित्र नपर्ने भएमा समेत प्रमाणित गर्नुपर्ने ।
- त्यस्तो बयान प्रमाणमा लिन सक्ने ।
- उजुरी गर्नेको नाम गोप्य राखिने व्यवस्था गरिएको ।
- पक्राउ गर्न वा खानतलासी दिन सकिने व्यवस्था भएको ।
- प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था ।
- दोभाषे (भाषा अनुवादक) राख्न पाउने व्यवस्था भएको ।
- उद्धार, पुनर्स्थापना केन्द्र, पुनर्स्थापना कोषको कानुनी व्यवस्था भएको ।
- २० वर्ष सम्म कैद र २ लाख रुपैयाँसम्म जरिवाना ।
- प्रतिरक्षाको सुविधा: बचाव गर्दा पीडकको मृत्यु हुन गएमा सजाय नहुने व्यवस्था ।

- क्षतिपूर्तिको अधिकारः जरिवानाको न्यूनतम आधा क्षतिपूर्ति दिइने, पीडितको मृत्यु भएमा, हकवालाले पाउने र हकवाला नभएमा पुनर्स्थापना कोषमा जम्मा हुने ।
- सुराकीलाई १० प्रतिशत पुरस्कार दिने व्यवस्था ।
- सुराकीको विवरण गोप्य राखिने व्यवस्था ।
- सञ्चार माध्यम तथा कानुनी प्रकृयामा समेत सक्कली नाम प्रसार गर्न नहुने ।
- पीडित र साक्षीको संरक्षणको व्यवस्था भएको ।
- बन्द ईजलासमा कारवाही हुने ।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४**: अनुसार निम्न जिल्लाहरू (काठमाडौं, सिन्धुपाल्चोक, कास्की, सुर्खेत, रुपन्देही, चितवन, बाँके, पर्सा र झापा) मा पुनर्स्थापना केन्द्र सञ्चालन भएको छ ।

## १०. मानव बेचबिखन विरुद्ध सहयोग गर्ने तथा सुरक्षित स्थानागमन सम्बन्धी थप जानकारीका लागि केही निकायहरू :

**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, काठमाडौं**

फोन : ०१-४२००५०२, ४२००२१६

टोल फ्रि : १६१८०१४२०००८२

इमेल : info@mowcsc.gov.np

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौं

फोन : ०१-४२११६७८, ४२११७९१

इमेल : info@moless.gov.np

वेबसाइट : www.moless.gov.np

## मानव बेचबिखन अनुसन्धान ब्यूरो, काठमाडौं

मोबाईल : ९८५१२९२२०३ (Whatsapp, Viber, Imo)

सम्पर्क : ०१-५३३९५६९/९८५१२९२२०० (डिउटी अधिकृत)

टोल फ्रि : ११७७, १६६००१४११७७

ईमेल : ahtb@nepalpolice.gov.np

Facebook : https://www.facebook.com/AHTBureau/

## केन्द्रिय अनुसन्धान ब्यूरो, काठमाडौं

फोन : ०१-४५११७७६, ९८५१२८३१४०

ईमेल : cib@nepalpolice.gov.np

## राष्ट्रिय बाल अधिकार परिषद्, ललितपुर

फोन : ०१-५५५०१२४, ५५५०१४७

इमेल : contact@ncrc.gov.np

वेबसाइट : www.ncrc.gov.np

चाइल्ड ट्रेसिङ हटलाइन नम्बर १०४ र चाइल्ड हेल्पलाइन हटलाइन नम्बर १०९८

**राष्ट्रिय मानव अधिकार आयोग, ललितपुर**

फोन : ०१-५०१००१५

हटलाइन फोन : ०१-५०१०००० (२४सै घण्टा खुल्ला)

ईमेल : nhrc@nhrcnepal.org

वेबसाइट : www.nhrcnepal.org

**राष्ट्रिय महिला आयोग, काडमाडौं**

फोन : ०१-४२५६७०१

हटलाइन नम्बर : ११४५

इमेल : info@nwc.gov.np

**वैदेशिक रोजगार विभाग, काठमाडौं**

टोल फ्रि : १६१८०१४७८२६४८

फोन : ०१-४७९२६४८

इमेल : info@dofe.gov.np

वेबसाइट : www.dofe.gov.np

**वैदेशिक रोजगार बोर्ड, काठमाडौं**

फोन : ०१-५३२०३११, ०१-५३२०४३३

ईमेल : info@feb.gov.np

वेबसाइट : http://feb.gov.np

**नेपाल बार एशोसिएसन, काठमाडौं**

फोन : ०१-४२००८३१, ४२००८३७

ईमेल : neba@nepalbar.org.np

वेबसाइट : www.nepalbar.org.np

प्रत्येक जिल्लामा बार ईकाई मार्फत निःशुल्क कानूनी सहायता प्रदान गरिन्छ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र (७७ वटा जिल्लाहरू)**

**बाल हेल्पलाईन (निःशुल्क नम्बर) - १०९८ (१८ वटा जिल्लामा)**

(काठमाडौं, मोरङ, मकवानपुर, कास्की, बाँके, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख, सुर्खेत, बाजुरा, कालिकोट, रुपन्देही, बारा, धनुषा, ईलाम, संखुवासभा)

**थप जानकारी तथा सहयोगको लागि सम्पर्क गर्न सकिने निकाय तथा पैसा नलाग्ने सम्पर्क फोन नं :**

- जिल्ला प्रशासन कार्यालय
- मानव बेचबिखन, लैङ्गिक हिंसा वा अन्य अपराधको सूचनाको लागि १६६००१४१५१६
- प्रहरी सेवा - १०० र ११११३
- बालबालिका हराएमा - १०४

## एटविनका सदस्य संस्थाहरूको नामावली - सन् २०२३ सम्म

१. महिला पुनर्स्थापना केन्द्र (ओरेक), ललितपुर
२. सिविन नेपाल, काठमाडौं
३. महिला आत्मनिर्भरता केन्द्र मेलम्ची, सिन्धुपाल्चोक
४. अनौपचारिक सेवा केन्द्र (इन्सेक), काठमाडौं
५. नारी सीप सृजना केन्द्र, मकवानपुर
६. शक्ति समूह, काठमाडौं
७. नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन), काठमाडौं
८. परिवर्तनका लागि कार्यरत महिला समूह (वाच), काठमाडौं
९. हिमालयन ह्युमन राईट्स मोनिटर्स (हिमराइट्स), ललितपुर
१०. समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस), काठमाडौं
११. नवज्योति केन्द्र, काठमाडौं
१२. यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल, काठमाडौं
१३. महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र, काठमाडौं
१४. महिला हित समाज,काठमाडौं
१५. ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक
१६. टेका समूह नेपाल, काठमाडौं
१७. जागरण नेपाल, काठमाडौं
१८. मकवानपुर महिला समूह, मकवानपुर
१९. आवाज, सुर्खेत
२०. नारी उत्थान केन्द्र, काभ्रे
२१. संरक्षण नेपाल, बारा

२२. नारी उत्थान केन्द्र, कञ्चनपुर
२३. शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल, मकवानपुर
२४. बाल समाज नेपाल, मोरङ
२५. शक्ति मिलन समाज, काठमाडौं
२६. महिलाको निम्ति महिला मञ्च नेपाल, काठमाडौं
२७. विश्वास नेपाल, काठमाडौं
२८. आशा नेपाल, काठमाडौं
२९. साझा सवालका लागि साझा मञ्च (कोकन), काठमाडौं
३०. आफन्त नेपाल (के.आई.एन), ललितपुर
३१. चेन्ज नेपाल, काठमाडौं
३२. छोरी, ललितपुर
३३. सहभागी, चितवन
३४. चाइल्ड नेपाल, काठमाडौं
३५. सामाजिक सेवा केन्द्र, (सोसेक) नेपाल, दैलेख
३६. शुभ अवसर ग्राम नेपाल, काठमाडौं
३७. महिला संरक्षण केन्द्र, मकवानपुर
३८. चेतना अभिवृद्धि केन्द्र (क्याप) नेपाल, काठमाडौं
३९. जनज्योति युवा समाज, सर्लाही
४०. कुमुदिनी, काठमाडौं
४१. थ्री एन्जल्स नेपाल, कास्की
४२. शान्ति फाउन्डेसन, काठमाडौं
४३. परिवर्तनका लागि सहकार्य नेपाल, ललितपुर
४४. नारी सेवा केन्द्र, कास्की

मानव बेचबिखनबिरुद्धको अभियानमा

एकजुट होऔं !

# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

पो.ब.न. २४९६०, बबरमहल, काठमाडौं, नेपाल

फोन : ०१-५३२९७८७, ५३२०४७८

ईमेल : aatwin@ntc.net.np वेबसाइट : www.aatwin.org.np

फेसबुक : www.Facebook.com/nepal.aatwin